# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१२।०७ गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

नेपाल विद्युत प्राधिकरण जलेश्वर महोत्तरीका तत्कालीन सुपरभाइजर महंथ मण्डलको शैक्षिक प्रमाण-पत्र नक्कली रहेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड पटना भारतबाट मध्यमा तह पास गरेको शैक्षिक योग्यताको झुठ्ठा एवं नक्कली लब्धांक पत्र तथा प्रव्रजन प्रमाण-पत्र, विद्यालय परित्याग प्रमाण-पत्र बनाई पेश गरी सोही नक्कली प्रमाणपत्रको आधारमा मिति २०५०।०५।०४ गते नेपाल विद्युत प्राधिकरणमा तह ३ इलेक्ट्रिसियन पदमा नियुक्ति पाई सुपरभाइजर तह ५ सम्म बढुवासमेत भई लाभ लिएको हुँदा निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको तथ्य पुष्टि हुन आएकोले निज महंथ मण्डललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला